यस गरिमामय भेलाका अध्यक्ष ज्यू, प्रमुख अतिथी ज्यू , विशेष अतिथीज्यू  तथा अतिथी ज्यूहरु, भेलामा उपस्थित आदरणीय दाजुभाई दिदी बहिनीहरुमा जय पर्वत नमस्कार । सर्वप्रथम अन्तराष्ट्रिय पर्वत समाजको स्थावना सम्बन्धमा छोटो परिचय दिन चाहन्छु । हमी पर्वतेहरु देशको परिस्थीतिले गदा विभिन्न देशहरुमा विदेशिन बाध्य भयौं । तर पनि आफू जन्मेको ठाउँले घचघच्याई रह्यो । यसरी विदेशमा बसेर पनि आ-आफ्नो ठाउँबाट हाम्रा पर्वते दाजुभाई दिदि बहिनीहरुका दुःख पिडामा मलमपट्टी लगाउने कार्य गरिरहेका थियौं । त्यसरी छरिएर काम गर्नु भन्दा विदेशमा बस्ने पर्वतेहरुको एउटा छाता संगठन भयो भने काम गर्न सजिलो हुन्छ भन्ने उद्देश्यका साथ २०१७ मा काठमाण्डौंमा उपलब्ध विभिन्न देशबाट गएका नेपाली दाजुभाई जम्मा भई एउटा अन्तराष्ट्रिय  स्तरको सन्जाल बनाउने निर्णय गरि पर्वतमा शिक्षा र स्वास्थ्यमा सहयोग पुऱ्याउने र पछि सस्था बलियो हुँदै गएपछि लगानी मार्फत रोजगारीको सिर्जन ागर्ने उद्देश्यका साथ पुन गिरीको संयोजकमा तर्दथ समिती बनाई कामहरु लाई अगाडी बढाउँदै लगियो र फलस्वरुप २०१९ मा बेल्जियममा एउटा च्यारेटी गर्ने निर्णय गरि भेलाबाट संकलित रकम शिक्षा र स्वास्थ्यमा लगानी गर्ने निर्णय गरियो र २०१९ को जुनमा भव्य रुपमा च्यारेटी सो सम्पन्न गरि पर्वतका दुई ठाउँमा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरियो । सहयोग रकम संकलन गर्ने त्रममा संस्थागतरुपमा तथा व्यक्तिगत रुपमा विभिन्न महानुभावहरुले सहयोग रकम बोल्नु भएको थियो । यसै शिलशिलामा २ बर्ष सम्म दुखी पिडित हरुलाई विभिन्न ठाउँ मा सहयोग गर्दै समय गयो । फलस्वरुप २०१९ को जुलाई अगस्तमा यू ⅛ इ भेला गरी पर्वतका ३ ठाउँमा स्वास्थ्य चौकी बनाउने निर्णय गरी सम्पन्न गरियो । यसै सिलसिलामा अगाडी वढ्दै जादा २०१९ अक्टुवरमा पर्वतको पयूँमा भव्यरुपमा दोस्रो अधिवेशन गरि पुरन गरिकै कार्य समिति लाई दोह्याउ निर्णय भयो । यसरी अगाडी बढीको अवस्थामा स्वास्थ्य चौकि निर्माण सम्बन्धी अवधारणलाई सफल बनाउन अध्यक्ष पुरन गिरी तथा संरक्षक कूल आचार्य लाई जिम्मेवार तोकी उहाँहरु नेपाल गएर काम शुरु गर्न लगाउने र फर्के पछि वोलीएका सहयोगहरु उठेउने र काम सक्ने निर्णय लाई विश्व भरी फैलिएको कोरोना महामारीको कारणवाट हामीले स्वास्थ्य चौकिको अवधारणलाई अगाडि वढाउन सकेको अव यो कार्यलाई के गर्ने भन्ने यही भेलावाट निर्माण हुनेछ भन्ने पूर्ण विश्वासमा छौ ।

आदरणीय साथीहरु हाम्रो समाज स्थापना भए देखि हामीले निरन्तर रुपमा मानवीय सेवाहरु गर्दै आइरहेको छौ । सम्झना भए सम्म मूख्य मूख्य कामहरु बुधागत रुपमा लिएको छौ ।

१) २०१७ –२०१९ को कार्यकालामा जलजलाका वादी पिडितहश्र लाई अन्तराष्ट्रि पवर्त समाजको समन्यमा निम्न आयभएकातीन परिवारलाई घर बनाई हस्तान्तरण गरियो ।

२) २०१९– २०२१ को कार्यकालमा कुस्मा नगरपालीक बुर्लुङ्गमा वाढी पहिरो वाट पिडित निम्म आय भएका २ परिवामा घर बनाई हस्तान्तरण गरियो । यसमा वेतजीयम तथा यूकेको सहयोगार्थ अन्तराष्ट्रिय पर्वते समाजले समन्यकारी भूमिका खेलेको थियो ।

३) २०१७ – २०१९ कार्यकालमा पर्वतका फलेवास नगरपाली तथा कुस्मा नगर पालिकामा स्वास्थ्य शिविर सम्पन्न गरियो

४)२०१९ – २०२१ कायकालमा पैयू गाउपालीका ४ श्री जन सेवा उच्चमावीमा २० थान पंखा तथा १०० वटा प्लास्टिक कुर्ची सहयोग गरियो

५) २०१९– २०२१ मा कोराना महामारीको बेलामा पर्वत जिल्ला अस्पताललाई १ लाख ५१ हजार स्वास्थ्य सामाग्री प्रदान ।

६) कोरोना महामारीको अवस्थामा २)१९–२०२१ कार्यकालमा दिल्लीमा अलपत्र परेका नेपाली दाजुभाइहरु ४० जनालाई स-कुसल पर्वत पुऱ्याउने काम गरियो ।

७) २०१९ – २०२१ कार्यकालमा पैयू गाउँपालिकालाई ५० हजार वरावर स्वास्थ्य सामाग्री प्रदान गरियो ।

८) कोरोना महामारीको बेलामा स्पेनमा रहेका १२ जना पर्वते दाजुभाईहरु समस्यामा भएको जानकारी भएकोले १२०० यूरो वरावर रकम स्पेन पर्वत समाज संग सहकार्यगरि सहयोग गरियो ।

९) कोरोना महामारीविच पर्वतका २ नगरपालिका र ५ गाउँपालीका लाई २ लाख वरावर स्वास्थ्य सामाग्री हस्तान्तरण गरियो ।

१० पैयूँ गाउँपालीका काहुले घट्नामा  ५० हजार सहयोग

११) खुर्कोटमा आगलागी पीडितलाई २५ हजार सहयोग

१२) विहादी गाउँपालीका उराममा पहिरो पिडित परिवारलाई १ लाख ५० हजार वरावर आर्थिक सहयोग

१३) गैर आवासीय नेपाली संघ र अर्न्तराष्ट्रिय पर्वत समाजको सहयोग नेपाल रेडक्रस सोसाइटी पर्वतलाई एक एम्बुलेन्स प्रदान गरियो

१४) पोर्चुगल निधन हुनुभएक रमेश रेग्मीको दाहासस्कारको लागि २०५ यूरो सहयोग ।

१५) यू.ए.इया कोरोनाको कारण निधन हुनुभएका श्री रमेश परियारको परिवारलाई ५० हजार सहयोग ।

१६) पैयूँ गाउँपालीका ४ का सुनीता साहीको श्रीमान अफ्रीकामा निधनभएको परिवारलाई ५० हजार सहयोग

१७) कतारमा निधनभएका मदन गुरुङ्गका परिवारलाई ५० हजार सहयोग

१८) कोरोनाको दोस्रो लहरवाट देश भयावह स्थितिमा पुगी अक्सीजन मेसीन अभाव भएको अवस्थामा सके सम्म पर्वत का सबै स्थानिय निकायमा पुऱ्याउने गरि प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा २३ लाख वरावरका स्वास्थ्य सामाग्री, अक्सीजन कन्स्लेसन सहयोग गरियो

१९) कोरोनाको दोस्रो लहरको अवस्थामा पत्रकार महासंघ पर्वत साखालाई पत्रकारसंग सम्बन्धी ७५ हजार वरावरको सामाग्री प्रदान गरियो ।

२०) २०१९– २०२४ कार्यकालमा पैयूँ गाउँपालीक काहुँ आगो लागि पिडित परिवार लाई सहयोग गरियो ।

२१) पैयूँ गाउँपालीका भूर्ते लथोक दलित वस्ती निर्माणमा २ वटा घर वनाई हस्तान्तरण गरियो । यसमा एउटा यूके साखावाट ।

२२) २०२१ – २०२३ को कार्यकालमा पर्वतको जलजला गाउँपालीका र पैयूँ गाउपालीकामा २ वटा स्वास्थ्य सिविर सम्पन्न गरियो ।